हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३४३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : २३ पृष्ठ : ४ २०७७ साउन २३ गते शुक्रबार (Friday 7 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## कोरोना रोकथाम तथा नियन्त्रणमा सिरहाका पालिकाले कति खर्चे ?

**लहान ।** सिरहाका १२ स्थानीय तहले कोरोना भाइरस(कोभिड-१९)को संक्रमण रोकथाम तथा नियन्त्रणमा खर्चको रकमको विवरण जिल्ला स्तरीय कोभिड-१९ नियन्त्रण समितिले सार्वजानिक गरेको छ।

समितिको संयोजक तथा प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा भएको बैठकले उक्त विवरण सार्वजानिक गरेको हो । केहीदिन अघि खर्च विवरण उपलब्ध गराउन दिएको निर्देशनपछि विभिन्न १२ पालिकाले विवरण सार्वजनिक गरेको हो। अझै ५ वटा स्थानीय तहले विवरण बुझाएको छैनन्।

कोरोना रोकथाम तथा नियन्त्रणमा गरेको खर्चको विवरण सार्वजनिक गरेका विभिन्न १२ स्थानीय तहले हालसम्म झण्डै १९ करोडबढी खर्च गरेका छन्। खर्च विवरण सार्वजनिक गरेका १२ स्थानीय तहहरुमध्ये सबैभन्दा बढी सिरहा नगरपालिकाले खर्च गरेको छ भने सबैभन्दा कम खर्च अर्नामा गाउँपालिकाले गरेको छ। सिरहा नगरपालिकाले हालसम्म ५ करोड ९० लाख ८६ हजार ४ सय ३० रुपैयाँ खर्च गरेको जनाएको छ। यस्तै, औरही गाउँपालिकाले २ करोड २० लाख ८० हजार ९ सय ३० रुपैयाँ खर्च गरेको छ।

त्यसैगरी, लहान नगरपालिकाले १ करोड ९८ लाख ४ हजार ७८ रुपैयाँ, मिर्चैया नगरपालिकाले १ करोड ७२ लाख ८१ हजार ७७ रुपैयाँ, बरियारपट्टी गाउँपालिकाले १ करोड५७ लाख २३ हजार ७ सय ६७ रुपैयाँ, कर्जन्हा नगरपालिकाले १ करोड ४८ लाख१५ हजार ८ सय१६ रुपैयाँ र गोलबजार नगरपालिकाले १ करोड ६ लाख ८ हजार ५ सय ५३ रुपैयाँको खर्च विवरण सार्वजनिक गरेका छन्।

यस्तै, विष्णुपुर गाउँपालिकाले ८८ लाख ६१ हजार ७ सय १० रुपैयाँ, नरहा गाउँपालिकाले ७३ लाख ५९ हजार २ सय ४९ रुपैयाँ, लक्ष्मीपुरपत्तारी गाउँपालिकाले ६९ लाख ६५ हजार ६ सय ९५ रुपैयाँ, धनगढीमाई नगरपालिकाले ५५ लाख ९४ हजार ६ सय ३३ रुपैयाँ र अर्नामा गाउँपालिकाले ३९ लाख ५९ हजार १ सय ३ रुपैयाँ खर्च गरेका छन्।

बाँकी रहेका ५ स्थानीय तहको खर्च विवरण भने सार्वजनिक भएको छैन । कल्याणपुर नगरपालिका, सुखिपुर नगरपालिका, सखुवानन्कारकट्टी गाउँपालिका, भगवानपुर गाउँपालिका र नबराजपुर गाउँपालिकाले तत्काल खर्च विवरण उपलब्ध गराउन नसकेको हो। विवरण उपलब्ध नगराएका स्थानीय तहहरुलाई पनि चाँडै उपलब्ध गराउन निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले जानकारी दिए।

यस्तै, जिल्ला अस्पताल सिरहाले १ करोड ३८ लाख ५९ हजार ७ सय ७ रुपैयाँ तथा जिल्ला स्वास्थ्य कार्यालय सिरहाले ३० लाख ८६ हजार २ सय ८८ रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गरेका छन्।

विवरण अनुसार, हालसम्म सिरहामा कोरोना रोकथाम तथा नियन्त्रणमा २० करोड९० लाख ४७ हजार ३५ रुपैयाँ खर्च भएको छ।

## शिक्षक सरुवा विरोधमा संयुक्त संघर्ष समिति चरणबद्ध आन्दोलनमा उत्रने



**लहान ।** अधिकार विपरीत लहान नगरपालिकाले पालिका क्षेत्रका आधारभूत विद्यालय तहका शिक्षक सरुवा गरेको भन्दै शिक्षक सरुवा विरुद्धको संयुक्त संघर्ष समितिले सरुवा बदरको माग राखि चरणबद्ध संघर्ष गर्ने जनाएको छ।

संघर्ष समितिले बिहीबार लहानस्थित ललकु मावि प्रांगणमा पत्रकार सम्मेलन गरी स्थानीय तहलाई शिक्षक सरुवा र बढुवा अधिकार नदिएपनि नगरपालिकाले पालिका क्षेत्रका आधारभूत विद्यालयका शिक्षकहरुलाई सरुवा गरेको भन्दै चरणबद्ध संघर्षमा उत्रिने चेतावनी दिएको हो।

शिक्षकहरुको भेलाले बुधबार नेपाल शिक्षक संघका प्रतिनिधि अरविन्द कुमार दास संयोजक, नेपाल राष्ट्रिय शिक्षक संगठनका प्रतिनिधि उद्धब कुमार लामा सहसंयोजक र संघीय समाजवादी शिक्षक फोरका प्रतिनिधि नेपाली साह सहसंयोजक रहेको १७ सदस्यीय शिक्षक सरुवा विरुद्धको संयुक्त संघर्ष समिति गठन गरेको थियो।

संयुक्त संघर्ष समितिद्वारा जारी विज्ञप्तीमा भनिएको छ, 'शिक्षा ऐन, नियमावली विपरीत विभेदकारी सरुवा गरेर गलत नजिरको प्रथम स्थान हासिल गर्न दुष्प्रयास गर्ने लहान नगरपालिकाको सरुवा प्रकरण बदर गर्न यो संर्घष समिति चरणवद्ध आन्दोलनका कार्यक्रम सहित संघर्ष ओर्लिने जानकारी गराउँदछौं।'

लहान नगरपालिकाले नगर शिक्षा समितिको गत जेठ २८ को निर्णय अनुसार साउन १४ गते आधारभूत विद्यालय तहका शिक्षकलाई नगर प्रहरी मार्फत सरुवा पत्र थमाएको विज्ञप्तीमा उल्लेखमा छ। नगरपालिकाभर ५९ सामुदायिक विद्यालय र ७२ संस्थागत विद्यालयहरु छन् । कोभिड-१९ को संक्रमणले गर्दा शिक्षा क्षेत्र पनि प्रभावित छ । पठनपाठन ठप्प प्राय : छ।

'कोभिड-१९ को महामारीले विद्यालयहरु बन्द रहेको अवस्थामा धेरै महिला शिक्षकहरुलाई अपायक सरुवा गरिएको छ, काखापाखा गरिएको छ,' विज्ञप्तीमा भनिएको छ, 'कसैलाई रोजी रोजी, कसैलाई छानी छानी सरुवा गरिएको छ, शिक्षण अवधि ११ महिना मात्र रहेका महिला शिक्षकलाई अपायक सरुवा र अवकाश प्राप्त शिक्षकको समेत सरुवा गर्नुले हचुवाको भरमा प्रतिशोधपूर्ण तवरले गरिएको सरुवा हो भनी प्रष्ट हुन्छ।'

शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ नवौ संशोधन कायम रहेको र संघीय शिक्षा ऐन नबनि सकेको अवस्थामा संविधानले स्थानीय तहलाई दिएको २३ बुंदे अधिकारमा शिक्षक सरुवा र बढुवा उल्लेख नभएको संयुक्त संघर्ष समितिको जीकिर छ। त्यसैगरी सामुदायिक विद्यालयका शिक्षकहरुको सरुवा, बढुवा गर्न अधिकार शिक्षा विकास तथा समन्वय इकाईलाई मात्र भएको र नियम विपरीत सरुवाले शिक्षकहरुको मानसिकता खलबलिएको साथै विद्यालयको शैक्षिक वातावरण अझ ध्वस्त बनाउने दुष्प्रयास भएको समितिको ठहर छ।

पत्रकार सम्मेलनमा संयोजक अरविन्द कुमार दास, सहसंयोजकद्वय उद्धब कुमार लामा र नेपाली साहले अधिकार विपरीत लहान नगरपालिकाले आधारभूत विद्यालयका शिक्षकहरु सरुवा गरेकाले चरणवद्ध संघर्षमा उत्रने चेतावनी दिए।

## लहानमा सुनचाँदी व्यवसाय १० दिन बन्द रहने

**लहान।** सिरहामा समुदाय स्तरमै कोरोना भाइरस(कोभिड-१९)को संक्रमित फेला पर्न थालेपछि लहान सुनचाँदी व्यावसाय संघले १० दिन पसल तथा कारखाना बन्द राख्ने निर्णय गरेको छ। संघले साउन २३ गतेदेखि ३२ गते सम्म १० दिन लहान नगरपालिका भित्र रहेका सम्पूर्ण सुनचाँदी पसल र कलकारखाना पूर्ण रुपमा बन्द गर्ने निर्णय गरेका छन्। लहान संघका कार्यसमितिको बैठकले सुनचाँदी व्यवसायी र ग्राहकवर्गको स्थास्थ्य सुरक्षालाई मध्यनजर गर्दै व्यवसायी बन्द राख्ने निर्णय भएको संघका अध्यक्ष श्याम साह(भोरे-भोर)ले जानकारी दिए।

लहानको नामाकरण र ऐतिहासिक तथ्य
स्तम्भ : पालिका बहस
पेज ४ मा



## हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।



संगिता कर्माचार्य
केन्द्रीय सदस्य
नेपाली काँग्रेस

महेश चौधरी
जिल्ला सदस्य तथा पूर्व लहान नगर सभापति
नेपाली काँग्रेस

## डुबेर बालकको मृत्यु

**लहान।** सिराहाको नरहा गाउँपालिका ५ अधिकारी टोलस्थित कमुतिया पोखरीमा डुबेर बिहीबार एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा नरहा गाउँपालिका ५ अधिकारी टोल बस्ने रामेश्वर शर्माका तीन वर्षीय छोरा राज शर्मा रहेका छन्।

पोखरीमा नुहाउने क्रममा डुबेर सिकस्त भएका बालक शर्मालाई स्थनीयवासीले उद्धार गरी उपचारका लागि स्थानीय स्वास्थ्य चौकीमा पुर्‍याएका थिए। त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि चोहर्वातर्फ लैजाने क्रममा उनको बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ।

# सम्पादकीय

## कोरोना र क्वारेन्टाइन खर्च

**कोभिड–१९ को संक्रमण फैलिएसँगै 'क्वारेन्टाइन' शब्दको प्रयोग सबैको बोलिमा आउने गरेको छ । अर्थात 'कोरोना' र 'क्वारेन्टाइन' शब्द एकअर्काका पयार्य बनेको छ । अझ कोरोना समुदायमैं फैलिन थालेपछि क्वारेन्टाइनमा बस्नेको संख्या बढ्दो छ । अंग्रेजी शब्द 'क्वारेन्टाइन' ल्याटिन भाषाको 'क्वारेन्टा जिओर्नो' बाट आएको हो । जसको अर्थ 'चालिस दिन' भन्ने हुन्छ । चौधौं शताब्दीतिर इटालीको भेनिसमा आउने जहाज तथा मानिसहरुलाई ४० दिन अलग्गै राख्थ्यिो । त्यत्तिखेर समुद्री यात्राका क्रममा प्लेगजस्ता कुनै महामारीको संक्रमण भए नभएको जाँच गरेर मात्रै उनीहरुलाई समुदायमा प्रवेश दिइन्थ्यो । अहिले सरुवा रोगको संक्रमण नफैलियोस भनेर मानिसलाई अलग्गै राख्ने अभ्यासलाई 'क्वारेन्टाइन' का नामले चिनिन्छ ।**

**मेडिसिननेट वेबसाइटका अनुसार मेडिकल साइन्सको भाषामा क्वेरान्टिनको अर्थ संक्रामक रोगको प्रसारलाई रोक्नको लागि कसैलाई केही समयको लागि अलग राख्न भन्ने हुन्छ । मानिसलाई हेर्दा लक्षणअनुसार संक्रमण नभएको तर संक्रमण हुन सक्ने सम्भावना भएको व्यक्तिलाई संक्रमण फैलिन सक्ने समयसम्म निगरानी राखिनुलाई क्वारेन्टाइन भनिन्छ । क्वारेन्टाइन व्यक्तिगत वा सामूहिक दवै किसिमको हुनसक्दछ । सिडिसिका अनुसार क्यारेन्टाइन भनेको सामान्यतया व्यक्ति वा व्यक्तिहरुको समूहबाट अलग गर्नु हो । यसले सम्भावित सरुवा रोगबाट बचाउँछ । यो कोरोना भाइरसको सन्दर्भमा १४ दिन बस्नुपर्ने भनिएको छ । यो समयलाई चिकित्सकीय भाषामा इक्युबेसन पिरियड भनिन्छ। त्यसैगरी कोही मानिस कोरोना प्रभावित देशबाट आएको छ तर उसलाई संक्रमणको कुनैपनि लक्षण देखिएको छैन भनेपनि पछि गएर लक्षण देखिन सक्छ । रोग संक्रमण नभएपनि हुनसक्ने आशंकामा आफूले आफैलाई अलग राख्ने विधि नै सेल्फ क्वारेन्टाइन हो ।**

**यदि कुनै व्यक्तिमा संक्रमण भएको वा मिल्दोजुल्दो लक्षण देखिएको छ भने उसलाई चिकित्सकको निगरानीमा राखि छुट्टै उपचार गर्नुलाई आइसोलेसन भनिन्छ । नेपालमा कोरोना संक्रमण फैलिएसँगै यसबाट जोगिन संघ, प्रदेश र स्थानीय सरकारले क्वारेन्टाइन सञ्चालन गर्‍यो । कोरोना भाइरससँग सम्बन्धित क्वारेन्टाइनमा राखिने व्यक्ति, पालना गर्नुपर्ने विधि, हुनुपर्ने पूर्वाधार, त्यहाँ सेवारत रहनुपर्ने चिकित्सक र गर्नुपर्ने सबै सुरक्षित उपाय अपनाउने गरी काम गर्न २०७६ चैत १० गते सोमबार उच्चस्तरीय समन्वय समितिको बैठकले क्वारेन्टाइन व्यवस्थापन मापदण्ड, २०७६ स्वीकृत गर्‍यो ।**

**मापदण्डले सम्भव भएसम्म घनाबस्तीबाट टाढा, सञ्चार, स्वास्थ्य, सडक, पानी, बिजुलीको पूर्ण व्यवस्था भएको हुनुपर्ने तोक्यो । त्यसैगरी क्वारेन्टाइनमा स्वास्थ्य सामग्रीसहित मेडिकल अधिकृत, स्वास्थ्य परिचारिका, प्याराबमेडिक, ल्याव टेक्निसियन, फर्मासिष्ट, २४सैं घण्टा एम्बुलेन्स रहनुपर्ने मापदण्डले तोक्यो । सम्भव भएसम्म सिसिटिभि जडान गरी सुरक्षा व्यवस्था, खाना, शुद्ध पिउने पानीको व्यवस्था, फोहोर व्यवस्थापनका लागि दुई जना सफाई कर्मचारी सहित नुहाउने तथा कपडा धुनको लागी पानी, सफाईको सामानसहित क्वारेन्टाइन खाली भएपश्चात ७२ घण्टासम्म प्रयोगमा नल्याउने र डिसइन्फेक्सन पश्चात मात्र प्रयोग गर्ने मापदण्ड बनाइयो ।**

**तर त्यही मापदण्ड सिरहामा सञ्चालित क्वारेन्टाइनमा पुरा गरेको देखिएन । लहानस्थित पशुपति आदर्शमाविको क्वारेन्टाइनमा बसेकाहरुले खाना बहिस्कार गरेर विरोध जनाए । कारण, मापदण्डमा उल्लेख भएको न्यूनतम सरसफाई पनि नगरिएको र स्वास्थ्य जाँच नगरिएको भन्दै विरोधमा उत्रिनुपर्‍यो । त्यत्तिमात्र होइन सिरहा सदरमुकाम क्वारेन्टाइनमा बसेकाहरुले खाना गुणस्तरहीन भएको भन्दै विरोध जनाए । यसले पनि क्वारेन्टाइनको व्यवस्थापन र अवस्था झल्काउँछ । क्वारेन्टाइन सञ्चालनमा सरकारी मापदण्ड कत्तिसम्म पुरा गर्‍यो गरेन भन्ने स्पष्ट हुन्छ । तर त्यही क्वारेन्टाइनका लागि सञ्चालनका लागि नगरपालिका र गाउँपालिकाहरुले करोडौं खर्चेको फेहरिस्त सार्वजनिक गरेका छन् ।**

**कोरोना रोकथाम तथा नियन्त्रणमा सिरहाका १२ स्थानीय तहले हालसम्म झण्डै १९ करोडबढी खर्चेका छन् । सबैभन्दा बढी सिरहा नगरपालिकाले ५ करोड ९० लाख ८६ हजार ४ सय ३० रुपैयँ खर्चेका छन् । सबैभन्दा कम अर्नामा गाउँपालिकाले ३९ लाख ५९ हजार १ सय ३ रुपैयाँ खर्चेका छन् । लहान नगरपालिकाले १ करोड ९८ लाख ४ हजार ७८ रुपैयाँ खर्च गरेको छ । जिल्लाका कल्याणपुर नगरपालिका, सुखिपुर नगरपालिका, सखुवानन्कारकट्टी गाउँपालिका, भगवानपुर र नबराजपुर गाउँपालिकाले तत्काल खर्च विवरण उपलब्ध गराउन सकेका छैनन् । जिल्लामा स्वास्थ्य कार्यालय सिरहा र अस्पतालले गरी कोरोना रोकथाम तथा नियन्त्रणमा २० करोड ९० लाख ४७ हजार ३५ रुपैयाँ खर्च भएको तथ्यांक सार्वजनिक भएको छ ।**

**जिल्लामा स्थानीय तहले यत्तिधेरै धनराशी खर्चेको हिसाब सार्वजनिक गरिदा क्वारेन्टाइनको अवस्था भने बेहाल छ । न्यूतम सरकारी मापदण्ड पनि पूरा गरिएको छैन । यो दुःखदायी हो । यसतर्फ सबैको ध्यान जान जरुरी छ ।**

# विधानमै लेखेको छ–बहुमतको निर्णय पार्टीको निर्णय

**माधवकुमार नेपाल**

कम्युनिस्ट पार्टीलाई नेपाली जनताले ठूलो आशा र विश्वासका साथ मुलुकको बागडोर सम्हाल्न अवसर दिएका छन्। हाम्रो घोषणापत्र र एकताको डकुमेन्टमा अघि सारिएका विचारहरुका आधारमा जनताबाट विश्वास पाएका हौं। जनताका अपेक्षा, चाहनाहरु कति मात्रामा पूरा गर्न सक्यौं, सकेनौं छलफल गर्ने ठाउँ पार्टी कमिटी हुन्। केन्द्रको हकमा केन्द्रीय कमिटी हो। त्यो नससकेको अवस्थामा पोलिटब्यूरो हुनुपर्ने हो। तर, अहिलेसम्म बनेको छैन। विधानको सिधै उल्लंघन भएको छ। त्यसपछि रहेको स्थायी कमिटी त तर्साउने भूत भएको छ। बैठकको नाम लियो कि राति निद्रा नलाग्ने अवस्था भएको छ।

पार्टीका निकायहरु सचिवालय होस् वा प्रदेश, जिल्ला कमिटीहरु, जनवर्गीय संगठनसम्बद्ध कमिटीहरु नियमितरुपमा सञ्चालित हुनुपर्ने हो। तर, पार्टी एकीकरणका काम टुंग्याउने भनेर धेरैपटक प्रतिवद्धता जाहेर गरियो, त्यो समयमा कहिल्यै हुन सकेन। जबकि एकीकरणको यो काम टुंग्याउन कुनै गाह्रो छैन। पहिलो दिन बसेर एउटा विधि तोकिदिएको भए एक हप्तामा गर्न सकिन्थ्यो। हाम्रो आफ्नो–आफ्नो अनुभवको श्रृखला छ र विगतमा पनि हामीले बडो कुशलताका साथ काम गरेका छौं। अहिले पनि गर्न सकिन्छ। तर, विधिमा पर्छ।

पारदर्शी ढंगले नचल्ने, म नै राज्य हुँ, म नै पार्टी हुँ भन्ने मान्यता भएकाले एकीकरणको काम पूरा हुन सकेको छैन। अहिलेसम्म पनि सल्लाहकार परिषद्, जेष्ठ कम्युनिष्ट मञ्च, लेखा, निर्वाचन कुनै पनि कमिटी बनेको छैन। यो सबै हेर्दा एक प्रकारले लठिभद्र अवस्था छ। पार्टी कागजमा सीमित हुन पुगेको छ। हजारौं हजार कार्यकर्ता असंगठित अवस्थामा छन्। र, यस्तो भएको पनि हप्ता वा दिन होइन, वर्षौं बितिसकेको छ। तर, चिन्ता हुनुपर्ने ठाउँमा चिन्ता छैन।

अझ के ब्याख्या गर्न खोजिँदैछ भने म त महाधिवेशनबाट आएको हुनाले कसैले हटाउन सक्दैन। यसबारे धेरै बताइरहनु पर्लाजस्तो लाग्दैन। आ–आफ्नो पार्टीको केन्द्रीय कमिटीले अधिकार प्रयोग गरेर तत्कालीन दुई पार्टीका अध्यक्षले २०७५ जेठ ३ गते दुबै पार्टी विघटन गरियो, नयाँ पार्टी र त्यसको संगठनात्मक स्वरुप अगाडि सारियो। केन्द्रीय समिति घोषणा गरियो। बैठक बस्यो र अनुमोदन गर्‍यो। र, त्यसकै आधारमा विधान बन्यो र सिंगो पार्टी त्यही विधानबाट चल्नुपर्छ, कसैको मनोगत व्याख्याबाट होइन।

तपाईहरुले के बुझ्नुपर्छ भने यो पार्टी कुनै व्यक्तिविशेषले चलाइरहेको छ कि ? यो भ्रममा रहनुहुँदैन। हामी सबैको आ–आफ्नो जिम्मेवारी होला, त्यो जिम्मेवारी विधानले गरेको व्यवस्था अनुसार होला। विधान पल्टाएर हेरौं, पार्टी अध्यक्षका अधिकारहरु के–के छन् ? पार्टीको घोषणामा के लेखिएको छ ?

एकजना सम्मानित व्यक्ति मकहाँ आएर भन्नुभयो, दुईनेताका बीचमा सहमति हुन नसक्दा, महाधिवेशनसम्म सहमतिबाटै चल्नुपर्ने भएकाले कमरेडले विचौलियाको भूमिका खेल्नुपर्‍यो। यहाँ विचौलियाहरु बदनाम भइरहेका छन्, मैले पो विचौलियाको भूमिका खेल्नुपर्ने रे। अनि मैले उहाँलाई विधान पढेर सुनाएँ, दङ्क पर्नुभयो। ल हेर्नुस्, मसँग ओरिजिनल कागज छ, यहाँ त प्रष्ट लेखेको छ, पार्टी भनेको नेकपाको संगठनात्मक सिद्धान्त, सामुहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वका आधारमा सञ्चालित हुनेछ। पार्टीका सबै निर्णयहरु संगठनात्मक प्रणालीका आधारमा हुनेछ, विधानले गरेको आन्तरिम व्यवस्थाका आधारमा हुने छ।

अनि विधान पल्टाएँ, धारा ६० मा आँखा गयो। चस्माको पावर कम हुनेले पनि पढ्न सक्ने गरी बोल्डमा लेखेको रहेछ, बहुमतको निर्णय पार्टीको निर्णय। केही कन्फयुजन नरहने गरी कस्तो बुद्धि पुर्‍याइएछ त्योबेला। शीर्षक नै लेखिएको रहेछ, बहुमतको निर्णय पार्टीको निर्णय। तर, अहिले स्थायी कमिटीमा भएकाहरुले कस्तो ब्याख्या गर्दैछन् भने महाधिवेशनसम्म जम्मै कुरो सहमतिबाट हुन्छ।

ती मित्रले बिर्सिए, माधव नेपाल पनि यही कमिटीको एउटा महत्वपूर्ण व्यक्ति हो, सुरुदेखि कराइरहेको छ। फरक मत राख्नुस् भनेपछि खुरुक्क राखेर बसेको छ। हामी फरक मत राखेर बस्दा हुने, अध्यक्ष फरक मतमा रहन सक्दैन ? अध्यक्षको पनि फरक मतमा रहन सक्छ॥

सचिवालय छ भने ५ जनाले गर्ने कमिटीको निर्णय हुन्छ। विवाद भयो भने स्थायी कमिटीमा जान्छ। त्यहाँबाट बहुमतले गर्ने निर्णय पार्टीको हुन्छ र केन्द्रीय कमिटीमा जान्छ। महाधिवेशन अगाडि केन्द्रीय कमिटी अन्तिम निकाय हुन्छ र बहुमतले निर्णय गर्न सक्छ।

यसबारे तपाईहरु पनि प्रष्ट हुनुस्, पार्टी विचार, नीति र पद्दतिबाट चल्छ। र, यो सबैले पालना गर्नुपर्छ। आफ्नो आफ्नो तहको कमिटीभित्र कमिटी प्रणालीबाट चल्नुपर्छ। अहिले यसमै समस्या खडा भएको छ।

समाजवादको कुन मोडलमा जाने ? बहुदलीय जनवादबारे के लेखिएको थियो ? पार्टीमा बहस गर्न सकिन्थ्यो। तर, यसबारे जेठ ३ को घोषणामा प्रष्ट देखिएको छ। हाम्रा लागि राष्ट्रको हित पहिलो हो। दोस्रो, जनताको हित हाम्रो केन्द्रविन्दुमा हुनेछ। तेस्रो, हामी कम्युनिस्ट भएकाले कम्युनिस्ट पार्टीको हित केन्द्रमा हुनेछ। त्यसबाटै हामी गाइडेड हुनुपर्छ। व्यक्ति गौण हुन्छ। मान्छे आउँछन्, जान्छन्, आन्दोलन चलिरहन्छन्।

यसै सन्दर्भमा मैले हेरें समस्या कहाँ छ त ?

पार्टीको बैठक समयमा नबस्ने। तपाईहरु देख्दै हुनुहुन्छ, अहिले हाम्रा अध्यक्ष र वरिष्ठ नेता सधैं धाइरहनुभएको छ बालुवाटारमा फकाउनका लागि। एकजना कमरेडले (म्यासेज) पठाउनुभएको थियो, बैठकबाट डराउने नेता, पानीबाट डराउने किसान को केही काम छैन। पार्टीको बैठकमा त हामी जस्तोसुकै विषयमा छलफल गर्दै आएका छौं। रातोपिरो भएको छ, ताततातो भएको छ र, हल पनि भएको छ। सहमतिबाट भए सहमतिबाट, नभए बहुमतबाट हल हुन्छ। हामी कहिले बहुमतमा रहेका छौं, कहिले अल्पमतमा रहेका छौं। आफ्नै कमिटीका मान्छेले मान्दैनन् भने जबरजस्ती गर्न पाइँदैन। त्यसो हुनाले केही असमझदारी, अविश्वास छ भने बसौं, छलफल गरौं र सहज ढंगले पार्टीलाई अगाडि बढाउने काम गरौं।

बैठक बसे पनि गम्भीर छलफल नहुनु, बीचबाटै छाडेर जानु र निरन्तर गुटगत क्रियाकलाप जारी राख्नु अर्को समस्या हो। पार्टी विधिसम्मतरुपमा नचलाउनु र पार्टी कागजमा सीमित हुनु, जनवर्गीय संगठनको एकता टुंगो लगाउन नसक्नु, आफूखुसी आ ना गुटका अयोग्य मान्छे वा गोजीबाट फुत्त निकाल्दै नियुक्ति दिनु, भ्रष्ट र आसेपासेहरुको संरक्षण भएको, पार्टीमा असहिष्णु व्यवहार भएको, सरकार सञ्चालनबारे पार्टीमा सल्लाह नहुनु जस्ता समस्या पनि देखिएका छन्।

सरकारका कामबारे जनतामा गम्भीर प्रश्न खडा भएको छ। कुनै पनि सुझाव र आलोचनाप्रति असहिष्णु भएको, पार्टीमा चरम व्यक्तिवाद र कूटनीतिक मामिलामा समेत अयोग्यता प्रदर्शन गर्दै देशलाई गम्भीर नोक्सान पुर्‍याउने काम भएको छ। विषय यो हो।

तर, पदको लडाई हो, त्यसका लागि माधव नेपाल बालुवाटार गएर प्रभु मलाई प्रधानमन्त्री वा अध्यक्ष बनाउनुपर्‍यो भनेर भन्यो भनेर प्रचार गरिएको छ। मैले प्रष्ट भनेको छु, हामीले प्रष्ट पारेका छौं, यो पदको लडाइँ होइन। पार्टीलाई क्रान्तिकारी बनाउन, विधिसम्मत रुपमा सञ्चालन गर्न राम्रो संस्कार हुर्काउन, जनतामा आशा जगाउन र जनतामा स्थापित गराउन हो।

हामी पदका लागि लडेका पनि छैनौं। हामीले कुनै आग्रह–पूर्वाग्रह पनि पालेका छैनौं, बदलाको भावना पनि छैन। राम्रो होस् भनिरहेका छौं। बैठकमा जानुपर्‍यो, छलफल गर्नुपर्‍यो। सहमति भए सहमति, नभए बहुमतको निर्णय मान्नुपर्‍यो। तर, आफूलाई अनुशासन नलाग्ने, अरुबारे चाहिँ कुरा गरेर केही अर्थ छैन।

**(नेकपाका बरिष्ठ नेता नेपालद्वारा बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा व्यक्त विचारको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको हो। पार्टी निकटका पत्रकारसँगको सो भेलामा प्रचण्ड, झलनाथ खनाल, माधव नेपाल नारायणकाजी श्रेष्ठसहित चारजना नेताहरुले बोलेका थिए।)**

**सभार : अनलाइन खबर**


## कोरोना भाइरस रोग (कोभिड–१९)

- **घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।**
- **घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।**
- **पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।**
- **बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।**
- **बाँझो जग्गामा बोटविरुवा रोपौं ।**
- **घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।**
- **बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।**
- **आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।**

**दलित जनकल्याण युवा क्लब लहान–१४ द्वारा जनहितमा जारी**

# कांग्रेस सभापतिको दौडमा रहेकाहरु को कुन अवस्थामा छन् ?

**काठमाडौं ।** मुलुकका प्रमुख दुई ठूला दलभित्र देखिएको नेतृत्व होडबाजीले अहिले नेपालमा कोरोना संक्रमण भुलाइदिएको छ। दैनिक भेला, बैठक, कोठेगफ सामान्य भैहाले। प्रमुख प्रतिपक्षमा रहेको नेपाली कांग्रेसमा आसन्न महाधिवेशनमा नेतृत्वमा पुग्ने होडमा अहिले दोस्रो पुस्ताका नेताहरु पनि त्यतिकै सक्रियरुपमा लागेका छन्।

केन्द्रीय समितिको निर्णयअनुसार महाधिवेशन सम्पन्न भएमा फागुनमा कांग्रेसले नयाँ नेतृत्व पाउँछ। तर, फागुनमा महाधिवेशन हुने सम्भावना निकै कम छ। किनभने अझै पनि क्रियाशील सदस्यता र समायोजनको प्रमुख काम कांग्रेसमा सकिएको छैन। तर, कार्यालय खोल्नेदेखि लिएर जिल्लाजिल्लाका प्रतिनिधिलाई दैनिक फोन गर्ने काम भने जारी छ।

**कसको अवस्था के छ ?**

कांग्रेसमा अहिले पनि देखिएको त स्पष्ट दुई गुट हो। एउटा गुटको नेतृत्व सभापति शेरबहादुर देउवाले गर्छन् भने अर्को गुटमा रामचन्द्र पौडेलदेखि नेतृत्वमा जान चाहेका नेताहरु पर्छन् जहाँ गुटभित्र पनि उपगुट बढी देखिन्छ। नेपाली कांग्रेसको वर्तमान अवस्था हेर्ने हो भने विगतदेखि चल्दै आएको ६० र ४० भागबन्डाकै अवस्था छ। अहिले ४० प्रतिशतको नेतृत्व वर्तमान सभापति शेरबहादुर देउवाले गर्छन् भने बाँकी ६० प्रतिशत उनका विरोधी छन्।

सभापति देउवा गुटमा अहिले पनि उनलाई चुनौती दिने नेता निस्किएको छैन। भलै पछिल्लो समय उपसभापति विमलेन्द्र निधिले नेतृत्वको तयारी थालेको समाचार आउन थालेका छन्। निधिले देउवा विरोधी खेमामा रहेका नेताहरुसँग निरन्तर संवाद बढाएका छन्।

देउवाका विश्वासपात्र र मुख्य सहयोगी नेताका रुपमा चिनिएका नेता निधि र देउवाबीच पछिल्लोसमय केही राजनीतिक विषयमा समेत मनमुटाव भएको कांग्रेस नेताहरुको बुझाइ छ। निधिले सरकारले जारी गरेको पछिल्लो राजनीतिक नक्सा र नागरिकताका सवालमा फरक धारणा राखेको कांग्रेसकै नेताहरु बताउँछन्।

उनका अनुसार अहिले कांग्रेस यसमा तटस्थ बस्नुपर्ने धारणा निधिले राखेका थिए। त्यसबाहेक नागरिकताका सवालमा पनि निधिको फरक धारणा थियो। एकजना कांग्रेस नेताको बुझाइमा देउवा र निधिको सम्बन्ध पहिलेको जस्तो छैन। त्यसैले पनि निधि अब आफू अहिले सभापति नभए कहिले हुने ? भनेर छलफलमा छन्।

देउवाले निधिलाई उपसभापतिमै चुनाव लडाउने तयारी गरेका छन्।

देउवाको समूहमा रहेका केही नेता भने निधिलाई सभापतिको उमेदवार बनाएर देउवा पत्नी आरजु राणालाई उपसभापतिको उमेदवार बनाउनुपर्ने पक्षमा छन्। त्यसो गर्दा देउवा पनि सहजै नेतृत्वको दौडबाट पछि हट्न सक्ने आकलन ती नेताहरुको छ। तर, सभापति देउवाको अहिलेसम्मको तयारी हेर्दा उनी कुनै पनि हालतमा नेतृत्व छाड्ने अवस्थामा देखिँनन्।

जम्मा ४० प्रतिशत मतमात्रै रहेका देउवाले कसरी जित्लान् त ?

नेतृतवमा पुग्न ५१ प्रतिशत महाधिवेशन प्रतिनिधि अर्थात् मत आवश्यक पर्छ। यसैले ४० लाई कसरी ५१ पुर्‍याउनुपर्छ भन्ने ध्यानबाहेक देउवालाई अरु कुनै पनि मतलब देखिँदैन। कांग्रेसका एकजना नेताका अनुसार पार्टीभित्रको समीकरण मिलाउन, अर्को पक्षमा खेल्न देउवाजत्तिको सिपालु कांग्रेसमा अर्को कोही छैन।


अघिल्लो निर्वाचनमै हेर्नुस् न। उदाहरण दिँदै ती नेता भन्छन्, अर्को गुटमा रहेका अर्जुननरसिंह केसीलाई ल्याएर महामन्त्रीको उमेदवार बनाइदिए। त्यो पनि उनकै ज्वाइँ गगन थापाको विरुद्धमा। त्यतिमात्रै होइन देउवाले आफू निकटका व्यक्तिहरुलाई महामन्त्रीमा शशांक कोइरालालाई मत दिन लगाए। यो नै देउवाको खुबी हो।

अहिले केसीले देउवालाई छाडिसकेका छन्। तर, देउवाले अन्तिम समयसम्म अर्को समूहमा रहेका एकजना प्रभावशाली नेतालाई जसरी पनि आफ्नो कित्तामा पार्ने प्रयास गर्नेछन्। अर्को समूहमा रहेका दुईजना नेताहरु यतिबेला देउवाको रोजाइमा हुनसक्छन् – ती हुन् महामन्त्री कोइराला र अर्का नेता गगन थापा।

परन्तु, यी दुवैजना देउवागुटमा जाने सम्भावना निकै कम छ। शशांक जाने भए अघिल्लै महाधिवेशनमा जान्थे भने थापा देउवाको कार्यकालभर नेतृत्वको विरोध गर्नेमात्रै होइन अर्ली महाविधेशनको एजेन्डा चर्काउनेमध्येका एक नेता पनि हुन्।

कोइरालालाई देउवा समूहमा लैजानका लागि कांग्रेसमा अहिले पनि एउटा समूह लागिपरेको छ। अन्तिम समयमा देउवाले विरोधी गुटका कोही न कोही प्रभावशाली नेता ल्याउन नसके उमेदवार नै तीन वा त्योभन्दा बढी हुने वातावरण तयार पार्न लाग्नेछन्। त्यस्तो अवस्थामा पहिलो चरणमा कसैको पनि बहुमत आउनेछैन अघिल्लो महाधिवेशनमा जस्तै। दोस्रो चरणमा जाँदा कम मत ल्याउनेलाई आफ्नो पोल्टामा पार्न सकिने आकलन नै देउवाको रणनीति हो।

अर्कोतिर अहिले पछिल्ला उनका गतिविधि हेर्ने हो भने देउवा त्योभन्दा फरक लाइन र रणनीतिमा छन्। त्यो हो अर्को पार्टी छाडेर आउनेलाई फटाफट पार्टीमा स्थान दिने। ल्याउने बेलामा नै केन्द्रीय सदस्य र क्रियाशील सदस्यता दिने प्रतिवद्धता व्यक्त गरिदिने।



क्रियाशील सदस्य अहिले नै भनेजति आफ्नो गुटमा वितरण गर्न सकियो भने भोलि तलैबाट आउने महाधिवेशन प्रतिनिधिले सभापतिमा चयन गर्नेछन् भन्नेमा देउवा विश्वस्त छन्। तलैबाट प्रतिनिधि ल्याउन सकियो भने सबै पदाधिकारी र केन्द्रीय सदस्य आफ्नै गुटका हुने रणनीतिमा देउवा छन्। तर, उनलाई पनि उपसभापति, महामन्त्री लगायतका पदमा सही व्यक्ति सही ठाउँमा छनोट गर्न नसके गुट परिवर्तन गर्ने चेतावनी आफू निकटकै नेताहरुले दिइसकेका छन्।

अर्कोतर्फको गुटमा हेर्ने हो भने उनीहरु रक्षात्मकमात्रै बनेका छन्। देउवाले गरेका गतिविधिमा विरोधमात्रै गर्ने तर रोक्न नसक्ने। देउवा विरोधी समूहलाई के कुरा राम्रोसँग थाहा छ भने अहिले देउवाको विरुद्धमा एकजनाभन्दा बढी उमेदवार भए कसैले पनि जित्ने अवस्था आउँदैन। तर, एकले अर्कालाई स्वीकार गर्न सक्ने अवस्था अहिलेसम्म छैन।

यो कुरा सभापतिका एकजना आकांक्षी प्रकाशमान सिंहले पनि स्वीकार गरिसकेका छन्। सभापतिको आकांक्षी म पनि हो, सिंहले भनेका छन्, तर अहिले कांग्रेस सभापतिकै कारण समस्या आएको हो। उहाँको विकल्प अब खोज्नैपर्छ। उहाँकाविरुद्धमा हामीमध्ये एकजनाले उमेदवारी दिनुपर्छ भनेका छौं।

आजको दिनसम्म उक्त गुटमा रहेका पौडेल, महामन्त्री शशांक कोइराला, प्रकाशमान सिंह, शेखर कोइरालालगायतका नेताहरु सभापतिको आकांक्षी हुन्। पौडेलले जसलाई आफ्नो गुटका नेता मानेका छन् उनै नेताहरु पौडेलको विकल्प आफैँ भएको भन्दै नेतृत्व तयारीमा छन्। पौडेलले यतिबेला सबैभन्दा बढी विश्वास गरेका नेताहरु हुन् – डा. रामशरण महत र अर्जुननरसिंह केसी।

उनीहरुले अहिलेसम्म पौडेलको विकल्प नभएको भन्दै उनकै नेतृत्वमा सहमति जुटाउन लागिपरेका छन्। शशांक कोइराला आफैँ टिम बनाउन लागिपरेका छन्। उनले महाधिवेशन केन्द्रित कार्यालय पनि खोलिसकेका छन्। डा. मिनेन्द्र रिजालसहित युवा नेताहरुको साथ लिएर आफू अघि बढ्ने तयारीमा लागेको कोइरालाले आफूनिकटका नेताहरुलाई बताउँदै आएका छन्।

कतिपय कांग्रेस नेताहरुले महामन्त्री हुँदा र संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बेलामा कोइरालाले नगरेको भन्दै आलोचना गरिरहेका छन्। कार्यकालको आधाभन्दा धेरै देउवालाई नै साथ दिएका कोइरालाले भनेको समयमा पर्फर्मेन्स देखाउन सकेनन्। सभापतिका अर्का आकांक्षी हुन् – प्रकाशमान सिंह।

उनी सभापतिमा शेखर र शशांकको चर्चा हुने तर आफ्नो किन नहुने भन्नेमा दृढ छन्। अघिल्लो निर्वाचनमा देउवासँगैको नेता रामचन्द्र पौडेल भएकाले आफूहरुले साथ दिएको बताउँदै अब महाधिवेशनमा आफू नेतृत्वको दौडमा रहेको स्पष्ट सन्देश दिएका छन्।

उनले दैनिक भेटवार्ता पनि जारी राखेका छन्। उनले पौडेललाई पनि लगातार साथ दिँदै आएको हुनाले अब आफूलाई साथ दिनुपर्ने तर्क गर्छन्। गणेशमान सिंहको छोरा र देशव्यापी नेटवर्क भएका कारणले पनि देउवाको विरुद्धमा एक्लो उमेदवारी दिन सकिए चुनाव जित्न सहज भएको अनुमान पनि उनको छ।

अर्का आकांक्षी हुन् – शेखर कोइराला।

केन्द्रीय सदस्यमात्रै रहेका डा. कोइराला जिल्लामा सबैभन्दा बढी पुग्ने नेता हुन्। उनी केन्द्रीय समितिको यस अवधिमा सबैभन्दा बढी जिल्ला पुग्ने र कार्यकर्तासँग अन्तरक्रिया गर्ने नेताका रुपमा परिचित छन्। तर, उनी एक्लै हिँडिरहेका छन्। उनको अहिलेसम्मको सफलता भनेको केन्द्रीय सदस्यबाट सिधै सभापतिको प्रतिस्पर्धी हुनु नै हो। उनको कमजोरी शीर्ष र प्रभावशाली भनिएका नेताहरुलाई सँगसँगै हिडाउन नसक्नु हो। देउवासँग सीधै टक्कर लिने नेतामध्येका एक हुन् शेखर।

कांग्रेसमा अघिल्लो महाधिवेशनका बेला उदाएको टिम अर्थात् तेस्रो धार भनेर चिनिएको कृष्णप्रसाद सिटौला नेतृत्वको समूह अहिले एकठाउँमा छैन।

सिटौलासँग रहेका नेताहरु नै उनलाई छाडिसकेका छन्। बेला बेलामा सिटौलाले गगन थापा, प्रदीप पौडललगायतका नेताहरुलाई बोलाएर छलफल नगर्ने होइनन् तर थापा र पौडेल सिटौलाबाहेक पनि आफ्नै तरिकाले पार्टीमा अघि बढेका छन्। यद्यपि, उनै सिटौलाले केहीदिनदेखि सम्पर्क कार्यालय खोलेर आगामी महाधिवेशनमा आफ्नो गुटबाट उमेदवार बन्ने संकेत गरेका छन्।

उनले छलफललाई तिव्रता दिए पनि धेरैले अहिले सिटौला उमेदबार बन्ने कुरामा शंका नै रहेको बताउँछन्। सिटौला समूहमा रहेका गगन थापा अहिले सभापतिमा देउवाको विकल्पमा जसरी पनि एकजना नेता उभिनुपर्छ भन्नेमा छन्। त्यो रणनीतिमा लागेका छन् पनि। कुनै पनि टिममा बलियो उपस्थिति कायम भएन भने आफैंले नेतृत्व गरेर नयाँ समूह बनाउने रणनीतिमा पनि थापालगायतका नेता छन् जसमा पार्टीका केही युवा नेताहरुले साथ दिएका छन्।

आफ्नो गुटसमेत कायम राख्न नसकेको आरोप सिटौलामाथि छ। उनलाई गुट चलाउने तर पार्टीमा प्रभाव जमाउन नसकेको आरोप छ। आफ्नो गुटमा रहेका नेता प्रदीप पौडेललाई समेत उनले संघमा टिकट दिलाउन सकेनन्, नेविसंघमा त केही भागबण्डा लिन सफल भए तर तरुण दलसहित विभागमा असफल देखिए।

कहिले देउवासँगै त कहिले पौडेलसँगै रहने गरेको आरोप पनि उनलाई लागेको छ।

सभार : बाह्रखरी


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**


**क)** भिडबाट बच्ने । **ख)** हिडडुल गर्दा माक्सको प्रयोग गरौं । **ग)** साबुन पानीले नियमित हात धोउँ । **घ)** कम पाकेको माछा, मासु नखाउँ । **ङ)** दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । **च)** कुहिएको खाने कुरा नखाउँ । **छ)** खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । **ज)** एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । **झ)** एक आपसमा शारिरिक दुरी कायम राखौं । **ञ)** खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । **ट)** रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । **ठ)** दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# लहानको नामाकरण र ऐतिहासिक तथ्य

पालिका बहस

तुलसीराम पोखरेल



**इतिहास**

कुनै पनि स्थानको नामाकरणका पछाडि विभिन्न ऐतिहासिक घटना र धार्मिक–सांस्कृतिक तथ्यहरु रहेका हुन्छन्। यसै सन्दर्भमा यस लहान नगरीको नामाकरण सम्बन्धमा पनि विभिन्न प्रकारका किम्वदन्ती, ऐतिहासिक एवं सामाजिक तथ्यहरुलाई नकार्न सकिन्दैन।

किम्वदन्तीकै आधारमा एक थरीका अनुसार वि.सं. १९९० सालभन्दा अर्थात् आज भन्दा झण्डै ८०–९० वर्ष अगाडि पहाडी क्षेत्रका जीविकोपार्जनको थलोको रुपमा रहेकोले भोजपुर, ओखलढुंगा, दिक्तेल, उदयपुरसम्मका कृषक एवं व्यापारीहरु आफ्ना सामान आलु, सुन्तला, कागती, तेजपात, चिराइतो, रिट्ठा, बतावरी एवं घ्यू आदि लिएर दैनिक उपयोगका सामानहरु खरिद गर्नका लागि पूर्वमा रहेको खुट्टीखोलाको किनारमा आई पुग्दथे। जहाँ पहाडबाट आएका सामानहरु खरिद गर्न वा वस्तु साटासाट गर्न तराईका सानातिना व्यापारी पनि त्यहाँ हाटबजार गर्न पुग्दथे। जसमा भाषिक समस्याका कारण कति पटक झैं झगडा समेत हुने गर्दथ्यो। यसै क्रममा उत्पन्न विवादबाट दुवै थरीका व्यापारीहरु बीच मल्ल युद्ध हुने अवस्था सृजना भयो र त्यसै क्रममा पहाडबाट आएका व्यापारी एवं कृषकहरुले आफ्नो रिसको झोक फेर्दै लोहान, लौहान भन्ने शब्द पटक पटक उच्चारण गर्दा पछि यो शब्द स्थानीय जनजिब्रोमा उच्चारित हुन पुग्यो र जसबाट यस क्षेत्रलाई लहान भन्न थालियो।

तर अर्का थरीहरुको भनाइ अनुसार खुट्टी खोलाको किनारमा लाग्ने हाट गर्न आएका व्यापारीहरुलाई पहाडतिरबाट आएका मतवाली केटा लुटेराहरुले समूह बनाई लुटपाट गर्ने, दु :ख दिने आदि गर्दथे यो कुरा बराबर दोहोरी रहदा ती व्यापारीहरुले दक्षिणका एक चौधरी जमिन्दार वर्गका घरमा गुनासो गरेपछि ती शुरो एवं लडाकु स्वभावका जमिन्दार आफ्ना दलबल सहित त्यहाँ पुग्दा दुवैथरी बीच खुट्टी खोलाको बालुवामा जम्का भेट हुँदा उनीहरुले आ–आफ्ना भाषामा ( 'गोद', 'पछार र 'लौकुट) भन्ने शब्दहरुलाई 'बजार अर्थात गोद', 'पछार', 'लौहान अर्थात 'लुहिर्काउ त' भन्ने गरी लौहान+बजारबाट लहानबजार हुन गएको हो।

तर ऐतिहासिक तथ्यलाई केलाएर हेर्दा लहानको सवैभन्दा पुरानो बस्ती लहान गोठ आजभन्दा करिव ४ सय वर्ष पुरानो सेन वंशी शासकहरुको पूर्वी विजय अभियानसँगै स्थापना भएको देखिन्छ। सेनवंश शासक लौहाङ्ग सेनले खेस्राहाका राजा लंकेश्वरलाई पराजित गरी यहाँ आफ्नो सैन्य दलको लागि हात्ती, घोडा राख्ने गोठको निर्माण गर्न लगाएको र बस्ती समेत बसाउन लगाएको देखिन आउँछ।

**लोहाङ्ग सेन को थिए ?**

इतिहासमा प्रसिद्ध पाल्पाली राजा मुकुन्द सेन प्रथमका चार भाई छोरामा जेठा माणिक सेन जो यूवराज थिए। माहिला विनायक सेन, साहिला विछङ्क सेन जसलाई मृगी सेन पनि भनिन्छ र सवैभन्दा कान्छा छोरा लोहाङ्ग सेन थिए। जेठा माणिक सेन सोझा र सरल प्रवृतिका देखिए तापनि लोहाङ्ग सेन भने वीर, लडाकु र जिवीविषु प्रवृतिका थिए। यिनै लोहाङ्ग सेनले वि.सं. १६० तीर पूर्वी विजय अभियान थालेको देखिन्छ।

वृटिश इतिहासकार हेमिल्टनले आफ्नो पुस्तकमा उल्लेख गरे अनुसार लोहाङ्ग सेनले पूर्वी विजय अभियान कै क्रममा अघबारा नदी पार गरी महोत्तरीका राजा मोहन ठाकुरलाई पराजीत गरी करैयनका राजा भावर, खेसराहा (माणिक दहको उत्तर पट्टीको बस्ती) का राजा लंकेश्वरलाई विजय गरेपछि मात्र कोशी क्षेत्रका अन्य सानातीना राज्यहरुलाई विजय गरेको देखिन्छ। अत राजा लंकेश्वरको राज्य सीमा खेसराहा, महोत्तरीका मोहन ठाकुर र करैयनका राजा दुल्लव देवको राज्य बीचमा पर्ने भएकोले उनले यसै खेसराहालाई आफ्नो सामरिक केन्द्रको रुपमा विकास गरी त्यहाँ नजिकै रहेको जलाशय दहलाई जिर्णोद्धार गरी आफ्ना दाजु माणिक सेनको नाममा नामाकरण गरे। त्यहीबाट त्यस दहलाई माणिक दहको नामले हालसम्म जानिदै आएको छ।

अर्कोतिर उनले खेसराहा राज्यको क्षेत्रमा नै पर्ने हालको लहानगोठको सेरोफेरोमा आफ्नो नाममा लोहाङ्ग गोठको बस्ती बसालेको देखिन्छ। यस कुराको पुष्टि उनले यसै क्षेत्रमा बसेर पूर्वी मोरंग विजय अभियानको लागि राजनीतिक अध्ययन गरेको र त्यहाँको कमजोर अवस्था देखिनासाथ अर्थात मोरंगका राजा विजय नारायणको निधन पश्चात नै ती क्षेत्रलाई विजय प्राप्त गरेको देखिन्छ।

यसरी पूर्वी विजय अभियानको क्रममा बस्दा लोहाङ्ग सेनले आफ्ना सैन्य बल एवं हात्ती, घोडा एकत्रित गरी संगठन गर्न सुगम पर्ने पहाड र तराईको मध्यमा अवस्थित यस क्षेत्रमा बसालेको बस्ती लौहाङ्क गोठबाट नै विस्तारै अपभ्रंश हुँदै यस क्षेत्रको नाम लहान रहन गरेको ऐतिहासिक तथ्यलाई इतिहासकार ज्ञानमणी नेपालले पनि सिरहा जिल्लाको लहान बस्ती यिनै लौहाङ्क सेनको नामबाट रहन गएको भनेका छन्। अहिलेपनि लहानको पुरानो नाम र स्रेस्ताहरुमा यसलाई लहान गोठको नामबाट नै उल्लेख गरिएको पायन्छ। तसर्थ उपयुक्त दुवै किम्वदन्ती भन्दा अघि देखि नै यो क्षेत्र ( ठाउँ) लौहाङ्ग सेनको बस्तीको रुपमा रहेको थियो भन्दा कुनै अतियुक्ति नहोला। ऐतिहासिक लहानको विकासमा सबै तह, तप्का अग्रसर हुन जरुरी छ। (मारवाडी सेवा समिति, लहानद्वारा प्रकाशित 'आलोक स्मारिकबाट)

**(लेखक जेएस मुरारका क्याम्पस लहानका क्याम्पस प्रमुख हुन्।)**

# कोरोना : विश्वमा के हुँदैछ ?

वैश्विक महामारी कोरोना भाइरस नियन्त्रणका प्रयासहरु त्यती सफल भएको छैन। यसबाट अहिलेसम्म सात लाख बढीको मृत्यु भइसकेको छ। १ करोड ८६ लाख बढी संक्रमित छन्। कोभिड–१९ ले सबैभन्दा बढी अमेरिकालाई सताएको छ। दोस्रो नम्बरमा ब्राजिल छ भने तेस्रोमा छिमेकी मुलुक भारत। यस महामारीबाट मृत्यु हुनेमा अमेरिका पहिलो नम्बरमा छ। ब्राजिल दोस्रो, मेक्सिको तेस्रो र बेलायत चौथो स्थानमा छ। भारत पाँचौं स्थानमा छ।

विश्वको महाशक्ति मानिने अमेरिकामा कोरोनाबाट अहिलेसम्म ४८ लाख २ हजार २ सय बढी संक्रमित भइसकेका छन्। एक लाख ५७ हजार ४ सय बढीको मृत्यु भइसकेको छ। ब्राजिलमा अहिलेसम्म २८ लाख एक हजार ९ सय बढी संक्रमित भइसकेका छन्। यसको चपेटाबाट ९५ हजारको मृत्यु भइसकेको छ।

छिमेकी मुलुक भारतको स्थिति पनि नाजुक छ। कोभिड–१९ डट ओआरजी इन्डियान्को आंकडा अनुसार भारतमा कोरोना संक्रमितको संख्या साढे १९ लाख नाघेको छ। त्यहाँ पछिल्लो २४ घण्टामा ५६ हजार बढी संक्रमित देखिएका छन्। यस अवधिमा ४० हजार ७ सय बढीले कोरोनाबाट ज्यान गुमाइसकेका छन्।

रुस कोभिड–१९ को सन्दर्भमा चौथो नम्बरमा छ। त्यहाँ आठ लाख, ६४ हजार ९ सय बढी कोरोना संक्रमित भइसकेका छन्। १४ हजार ४ सय बढीले ज्यान गुमाइसकेका छन्। दक्षिण अफ्रिकामा पनि कोरोनाको महामारी बढ्दो छ। त्यहाँ अहिलेसम्म पाँच लाख २१ हजार बढी संक्रमित भइसको छन्। मृत्यु हुनेको संख्या ९ हजारको हाराहारीमा छ।

मेक्सिकोमा कोरोनाबाट अहिलेसम्म चार लाख ४९ हजार ९ सय बढी संक्रमित भइसकेका छन्। यस भाइरसबाट त्यहाँ ४८ हजार ८ सयले ज्यान गुमाएका छन्। पेरुमा पनि अवस्था खराब छ। त्यहाँ संक्रमितको संख्या ४ लाख ३९ हजार नाघेको छ। २० हजारले ज्यान गुमाइसकेका छन्। कोरोनाबाट प्रभावित मुलुकको सूचीमा चिली आठौं नम्बरमा छ। त्यहाँ कोरोनाबाट अहिलेसम्म तीन लाख ६४ हजार बढी संक्रमित छन्। मृतकको संख्या ९ हजार नाघेको छ। कोलम्बियामा कोराना भाइरसबाट तीन लाख ३४ हजार प्रभावित छन्। एघार हजारले ज्यान गुमाइसकेका छन्। इरानमा यो महामारीबाट तीन लाख १७ हजार संक्रमित छन् भने १७ हजारले ज्यान गुमाइसकेका छन्।–एजेन्सी

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
–: जनहितका लागि :–
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा

## सूचना

जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ ।

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ ।
२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ ।
३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ ।
४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ ।
५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।
६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ ।
७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ ।
८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ ।

जिल्ला उद्योग वाणिज्य संघ
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)

लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले–आउट : लहानपोस्ट् दैनिक कार्यालय** :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६११६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)